जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २४८ पृष्ठः ४ | २०८२ माघ ११ आइतबार (Sunday 25 Jan. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## मधेशमा दल फेर्नेदेखि भावी प्रधानमन्त्रीका दावेदारसम्मको उम्मेदवारी



**विनय आजाद**

सिरहा, १० माघ। प्रतिनिधि सभा निर्वाचन २०८२ मा मधेश प्रदेशका आठ जिल्लाका ३२ निर्वाचन क्षेत्रमा १ हजार ५४ जनाले उम्मेदवारी दिएका छन्। सबैभन्दा बढी १ सय ५४ जनाले धनुषामा उम्मेदवारी दिँदा सप्तरीमा सबैभन्दा कम १ सय ४ जना उम्मेदवार मैदानमा छन्। टिकटका लागि दल फेर्नेदेखि निर्वाचन क्षेत्र फेर्नेसम्म अनि पूर्वमन्त्रीदेखि भावी प्रधानमन्त्रीका दावेदारसम्मको उम्मेदवारीले त्यहाँको चुनावी प्रतिस्पर्धा रोचक हुने देखिएको छ।

मधेशका चर्चित नेता जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव यसपटक सप्तरी-३ बाट उम्मेदवार बन्नुभएको छ। २०७९ को चुनावमा सप्तरी-२ बाट हार्नुभएका यादव उपनिर्वाचनमार्फत बारा-२ बाट निर्वाचित भई संसद् छिर्नुभएको थियो। यादवलाई पराजित गर्नुभएका जनमत पार्टीका अध्यक्ष डा. सीके राउत भने यसपटक पनि सप्तरी-२ बाटै प्रतिस्पर्धामा हुनुहुन्छ। रोचक त के छ भने राउतले नै मधेशमा मुख्यमन्त्री बनाएका सतिश सिंह जनमत छाडेर स्वाभिमान पार्टीबाट राउतसँगै प्रतिस्पर्धा गर्न सप्तरी-२ बाट उम्मेदवार बन्नुभएको छ। यसअघि सिरहा-२ बाट निर्वाचित जसपा नेपालका उपाध्यक्ष राजकिशोर यादव आफ्नो पुरानै क्षेत्र सिरहा-४ मा फर्किनुभएको छ।

युवा तथा खेलकुदमन्त्रीबाट राजीनामा दिएर बब्लु गुप्ता रास्वपाबाट सिरहा-१ मा उम्मेदवार बन्नुभएको छ। धनुषा-४ बाट एमाले उपमहासचिव रघुवीर महासेठ र धनुषा-३ बाट उहाँकी पत्नी जुलीकुमारी महतोको उम्मेदवारी परेको छ। धनुषा-३ बाटै नेपाली कांग्रेसका पूर्वउपसभापति बिमलेन्द्र निधि र रास्वपा प्रवक्ता मनिष झा पनि चुनावी प्रतिस्पर्धामा उत्रिँदा प्रतिस्पर्धा रोचक हुने देखिएको छ। नेकपा नेता मातृकाप्रसाद यादव धनुषा-१ बाटै उम्मेदवारी दिनुभएको छ। २०७९ मा उहाँ यस क्षेत्रबाट जसपा नेपालका दीपक कार्कीसँग पराजित हुनुभएको थियो। जसपा नेता शरतसिंह भण्डरी महोत्तरी-२ र नेकपाका गिरिराजमणि पोखरेल क्षेत्र नम्बर १ बाट उम्मेदवार हुनुहुन्छ।

राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो र नेकपाबाट महेन्द्र राय यादव पुरानै क्षेत्र सर्लाही-

**-बाँकी तीन पेजमा**

## सिरहा ट्राफिक प्रहरी प्रमुख उत्कृष्ट घोषित



**मणिलाल विश्वकर्मा**

लहान, १० माघ। जिल्ला ट्राफिक प्रहरी कार्यालय लहान सिरहाका प्रमुख ट्राफिक प्रहरी निरीक्षक सालिकराम तिमिल्सिना उत्कृष्ट प्रहरी घोषित भएका छन्। बाराको पथलैयास्थित नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयले उनलाई गत पुस महिनाको उत्कृष्ट प्रहरी घोषित गरेको हो। पछिल्लो असोजदेखि सिरहा ट्राफिक प्रहरी प्रमुखको रुपमा कार्यरत उनले विभागीय मूल्य मान्यता, आदेश निर्देशन बमोजिम कर्तव्यनिष्ठ, अनुशासित, लगनशील रुपले स्थानीय सरकारसँगको समन्वयमा प्रभावकारी प्रशासनिक कामकाज संचालन, तालुक मधेश प्रदेश प्रहरी कार्यालयबाट स्वीकृत सडक दुर्घटना विरुद्ध युवा २०८२ कार्ययोजना कार्यन्वयनमा उल्लेखनीय काम गरेको ठहर गरिएको छ।

उनको नेतृत्वमा सवारी दुर्घटना न्यूनीकरण गरी भौतिक तथा मानविय क्षतिमा कमी ल्याउनुका साथै ब्ल्याक स्पट पहिचान गरि ल्याएको, आवश्यकता अनुसार रिफ्लेक्टिभ बोर्ड, टेप, स्टिकरहरु टाँस, जाडोयाममा बाक्लो हुस्सुका कारण हुने दुर्घटनाको उच्च जोखिम घटाउन सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गरिएको उल्लेख छ। त्यसका साथै विभिन्न भिभिआइपी र भिआइपीको सवारीमा प्रभावकारी ट्राफिक व्यवस्थापन, कार्यकुशलता, इमान्दारिता र कर्तव्यनिष्ठामा उल्लेखनीय भूमिका निर्वाह गरेकाले पुरस्कृत गरिएको कार्यालयले

**-बाँकी तीन पेजमा**

## सिरहामा दलीय भन्दा स्वतन्त्र उम्मेदवारको वर्चस्व

सिरहा, १० माघ। यहाँका चारवटै निर्वाचन क्षेत्रमा आगामी प्रतिनिधिसभा निर्वाचनका लागि दलीय भन्दा स्वतन्त्र उम्मेदवारको वर्चस्व देखिएको छ। जिल्ला निर्वाचन कार्यालयका अनुसार कुल १३९ उम्मेदवारले मनोनयन दर्ता गराएकामा ८५ जना स्वतन्त्र छन् भने ५४ जना मात्र दलका उम्मेदवार छन्। जिल्ला निर्वाचन कार्यालय प्रमुख राजन श्रीवास्तवका अनुसार सिरहा-१ मा दलका १४ र स्वतन्त्र १८, सिरहा-२ मा दलका १४ र स्वतन्त्र १५, सिरहा-३ मा दलका १२ र स्वतन्त्र २९ तथा सिरहा-४ मा दलका १४ र स्वतन्त्र २३ जनाको उम्मेदवारी परेको छ। मनोनयन दर्ता गरेका कसैले उम्मेदवारी फिर्ता लिएका छैनन्। उम्मेदवारी दर्ता गराउनेमध्ये महिलाको संख्या आठ जना मात्र छन्।

स्वतन्त्र उम्मेदवारी दिनेहरूमा अधिकांश ठुला दलका असन्तुष्ट कार्यकर्ता र समर्थकहरू छन्। निर्वाचनको समयमा सवारी साधन प्रयोग गर्न पाइने सुविधा र मतगणनाको समयमा आफ्ना प्रतिनिधि पठाउन सहज हुने भएकाले पनि धेरैले स्वतन्त्र रूपमा नाम दर्ता

**-बाँकी तीन पेजमा**

## पार्टी छाडेर एमालेबाट उम्मेदवार बनेका धर्मनाथ नेकपाबाट निस्कासित



सिरहा, १० माघ। पार्टी छाडेर सिरहा ४ बाट नेकपा एमालेका उम्मेदवार बनेका धर्मनाथप्रसाद साहलाई नेपाली कम्युनिस्ट पार्टीले कारबाही गरेको छ। उनी नेपाली कम्युनिस्ट पार्टीबाटै टिकटका आकांक्षी थिए। टिकट नपाएपछि पार्टी छोडेर उनी सिरहा ४ मा नेकपा एमालेबाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनेका छन्। साह तत्कालीन नेकपा एकीकृत समाजवादीमा केन्द्रीय उपाध्यक्ष तथा मधेश प्रदेश इञ्चार्ज थिए। नेकपा एकीकृत समाजवादी, नेकपा माओवादी केन्द्र सहितका दल मिलेर नेपाली कम्युनिस्ट पार्टी बनेपछि उनी केन्द्रीय सदस्य थिए। सिरहा ४ मा नेकपाका आधिकारिक उम्मेदवार अजयशंकर नायक रहेका छन्।




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## सूचना माग्ने र पाउने मौलिक हकको रक्षा गरौं।

सार्वजनिक निकायले,

- आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राखु पर्दछ।
- त्यस्ता सूचना आवधिक रुपमा प्रकाशन तथा प्रसारणको व्यवस्था गर्नु पर्दछ।
- सूचना प्रवाह गर्न सूचना अधिकारी अनिवार्य तोकिनु पर्दछ।
- सूचना अधिकारी सम्बद्ध निकायको दोस्रो वा तेस्रो वरियताको अधिकारी हुनु पर्दछ।
- सूचना अधिकारीको नाम, पद, इमेल ठेगाना, मोवाइल नं. र तस्विर सबैले देखे गरी कार्यालयमा र वेब साइटमा राख्नु पर्दछ।
- कसैले सूचना मागे कानूनबमोजिम तोकिएको अवधिभित्र सूचना उपलब्ध गराउनु पर्दछ।

**नागरिकको सूचना माग्ने र पाउने हकको रक्षा गरौं, पारदर्शीता कायम गरौं**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## राजनीतिक नेतृत्व जिम्मेवार बन

देशमा अहिले चुनावी अभियान चलेको छ। सभा, जुलुस, घरदैलोजस्ता भिडभाडे कार्यक्रमहरू दिनहुँ भइरहेका छन्। यस्तै अवस्थामा छिमेकी भारतलगायतका दक्षिण एसियाली मुलुकमा निपाह भाइरसजस्तो घातक संक्रमणको जोखिम बढ्दै छ। धन्न, अहिलेसम्म नेपालमा निपाह भाइरसको पुष्टि भने भएको छैन। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ताले नेपालमा पनि निपाह भाइरसको सङ्क्रमणको जोखिम उच्च भएकाले सतर्कता अपनाउन आह्वान गरेका छन्। यसैगरी उनले सीमा नाकाहरूमा सङ्क्रमणको परीक्षण सुरु गरिएको पनि जानकारी दिएका छन्। यसले पनि जोखिम उच्च रहेको संकेत गर्छ।

सङ्क्रमणपछि ज्वरोसँगै मस्तिष्कमा असर गर्ने निपाह भाइरसलाई सामान्य रुघाखोकी वा मौसमी भाइरससँग छुट्याउन सुरुमा कठिन हुन्छ। स्वास्थ्य प्रणाली कमजोर भएको, परीक्षण क्षमता सीमित भएको र जनस्वास्थ्य चेतना कमजोर भएको नेपालमा यसको संक्रमण देखिए त्यसको पहिचान र नियन्त्रण निकै कठिन हुनसक्छ। निपाह भाइरसको सङ्क्रमणमा सबैभन्दा ठूलो चुनौती यसको मृत्युदर हुनु र औषधि तथा भ्याक्सिन नहुनु हो। यसैले पनि चुनावको भिडभाडका अवस्थामा बढी सावधान हुनुपर्छ। अहिले जोखिमको चर्चा जनमानसलाई आतंकित बनाउन नभएर समयमै सावधानी अपनाउन आग्रह गर्नु हो।

हुनत, चुनावी अभियान आफैँमा अर्को चुनौती हो। भिडभाड, हात मिलाउने, नजिकको सम्पर्क, लामो समयसम्म एउटै स्थानमा बस्ने अभ्यासले कुनै पनि संक्रामक रोग फैलिने जोखिम बढ्छ। राजनीतिक दल र उम्मेदवारहरूका लागि भने 'सावधानी' भन्दा 'हेलमेल' प्राथमिकतामा पर्छ। अहिलेको जोखिम पनि यसैले बढाएको हो। तर, सार्वजनिक स्वास्थ्यको उपेक्षा गरेर हुने राजनीतिक कार्यक्रम अन्ततः प्रत्युत्पादक हुन्छ। यसैले राजनीतिक दल र उम्मेदवारहरूले पनि न्यूनतम जिम्मेवारी देखाउनुपर्छ भने जनसाधारणले पनि आफ्नो स्वास्थ्यको हेक्का राख्नुपर्छ। अहिले सङ्क्रमणको जोखिम बढ्ने ठूला भिड जम्मा गर्ने कार्यक्रम सीमित गर्ने, बिरामी देखिने व्यक्तिलाई कार्यक्रममा नल्याउने, मास्क र सरसफाइमा जोड दिनेजस्ता उपायहरू अपनाउनु उचित हुनेछ। परिपक्व नेतृत्वले जनस्वास्थ्यमा जोखिम बढाउने कार्यक्रम पक्कै गर्नेछैनन्।

यस सन्दर्भमा स्वस्थ्य तथा जनसंख्या मन्त्रालयले निपाहजस्ता उच्च जोखिमयुक्त रोगबारे पूर्वसूचना प्रणाली, सीमामा निगरानी र स्वास्थ्य सेवालाई तयारी अवस्थामा राख्नुपर्छ। बिरामी आएपछि हेर्ने परम्परागत शैलीले यस्ता रोगको सामना गर्न सकिँदैन। प्रदेश र स्थानीय तहलाई समेत समन्वयमा राखेर सम्भावित जोखिम क्षेत्र पहिचान र तयारी बढाउन आवश्यक छ। मिडियाको जिम्मेवारी पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। अनावश्यक त्रास फैलाउने वा जोखिमलाई सामान्यीकरण गर्नेजस्ता गैरजिम्मेवार प्रवृत्तिबाट जोगिनुपर्छ। तथ्यमा आधारित, सन्तुलित र सचेतनात्मक सञ्चार सामग्रीबाट नै अहिलेको जिम्मेवारी पूरा गर्न सकिन्छ।

निपाह अहिले नै महामारी भएको छैन। तर जोखिमलाई उपेक्षा गर्नु पनि हुँदैन। सावधानी, तयारी र जिम्मेवारीबाट नै चुनावी मौसमको परीक्षामा राज्य, राजनीति र समाज उत्तीर्ण हुने हुन्। आशा गरौँ, निपाह नेपालभित्र पस्ने र फैलनेछैन।

## मलिथम क्लब उदयपुर सेमिफाइनलमा

**देवराम यादव**

सप्तरी, १० माघ। मलिथाम फुटबल क्लब उदयपुर सप्तरीको शम्भुनाथ नगरपालिका ८ पोखरीयामा सञ्चालित सातौं मेयरकप २०८२ फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। शम्भुनाथ नगरपालिका ८ पोखरीयास्थित खेलमैदानमा शनिबार सम्पन्न पहिलो क्वाटर फाइनलमा प्रोग्रेसिभ एफसी ओद्राहा सप्तरीलाई ३-० गोलले पराजित गर्दै मलिथम फुटबल क्लब उदयपुर सेमिफाइनल प्रवेश गरेको हो। १५औं मिनेटमा मलिथमका दिव श्रेष्ठले गोल गर्दै टिमलाई सुरुवाती अग्रता दिलाएको थियो। २६औं मिनेटमा मलिथमका बिशाल चौधरीले डिबक्स बाहिरको बललाई ओद्राहाको गोलपोष्टमा जाली चुमाएपछि मलिमथलाई बलियो अवस्थामा पुऱ्याएको थियो। पहिलो हाफसम्म दुई गोलको अग्रता बनाएको मलिथमका दिवस चौधरीले आफ्नो व्यक्तिगत दोश्रो गोल गर्दै टिमको जित सुनिश्चित गराएको थियो। प्रतियोगिताको दोश्रो क्वाटर फाइनलमा आइतबार इन्द्रेणी फुटबल क्लब सोमबारे फुटबल क्लब उदयपुर र शम्भुनाथ नगरपालिका फुटबल टिमले प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगिताका बिजेता टिमले ५७ हजार रुपियाँ तथा उपविजेता टिमले ४७ हजार रुपियाँ तथा कप प्राप्त गर्ने आयोजकले जनाएको छ।

# गगन–बालेन र नयाँ पुस्ताको उदयः पपुलिज्म वा परिवर्तनको उभार ?



**डा. अंगराज तिमिल्सिना**

राजनीति होस् वा अरु क्षेत्र, कोही व्यक्ति, समूह वा परिवार अपरिहार्य हुँदैन। भन्ने गरिन्छ– समयबाहेक संसारमा सबै कुरा परिवर्तनीय छन। विशेषगरी समयानुसार परिवर्तन हुन नसक्ने, तर सत्ताचाहिँ नभई नहुने राजनीतिज्ञहरूलाई कहिलेकाहीँ 'सिंहमाथि सवार' भनेर उपमा दिइन्छ। जनताले निर्वाचित गरेर सत्तामा पठाउने हुन् र शक्तिको स्रोत पनि जनता नै हुन्। तर, सरकारमा बस्नुलाई केवल सत्ता र शक्तिका लागि हो भन्नेहरू जब चुनाव वा आन्दोलनबाट विस्थापित हुन्छन्, आफू चढेको सिंहबाट तल खसेर त्यही सिंहले खाइदिएको महसुस हुन्छ। गएका ३५ वर्षको प्रजातान्त्रिक र लोकतान्त्रिककालमा पालैपालो सत्तामा रहेका ठूला पार्टीहरूको अवस्था अहिले यस्तै छ।

नेपालको राजनीतिको पुरानो पुस्ता चुनावअघि नै हारेको मनस्थितिमा देखिन्छ भने बालेन्द्र शाह (बालेन), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र अन्य नयाँ पार्टीका कारण युवापुस्तामा नयाँ ऊर्जा र उत्साह छाएको छ। नेपालको वर्तमान राजनीतिलाई सरसर्ती हेर्दा निम्न चारवटा रुझानहरू देखिन्छन्ः

**चुनावले ल्याएको उत्साह :**

अमेरिकी पूर्वराष्ट्रपति फ्रान्क्लिन रुजभेल्टले भनेझैँ– 'प्रजातन्त्रका लागि सबैभन्दा ठूलो खतरा भनेको जनताको राजनीतिप्रतिको उपेक्षा हो।' नयाँ संविधान जारी भएपछिका दुई–दुईवटा चुनावमा नागरिकको उलेख्य सहभागिता त भयो। तर, चुनावी तालमेलका कारण केन्द्रका नेताहरूले भागबन्डा गरेर तोकेका उम्मेदवारहरूलाई अनुमोदन गर्नकै लागि चुनाव आह्वान गरेको जस्तो देखियो। जेन–जी आन्दोलनपछिको यो चुनावमा भने अलि माहौल फरक छ। नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी (नेकपा), मधेशवादी दलहरू (जस्तो कि लोकतान्त्रिक मोर्चा)देखि नयाँ र वैकल्पिक शक्तिहरू (जस्तो कि, रास्वपा, उज्यालो नेपाल पार्टी, श्रम संस्कृति पार्टी आदि) पनि एक्लाएक्लै चुनावी प्रतिस्पर्धामा छन्।

प्रत्यक्ष चुनावमा महिलाको उम्मेदवारी कमजोर रहेको अवस्थाका बाबजुद ५० वर्षमुनिका ६३ भन्दा बढी उम्मेदवारहरू र ४० वर्षसम्म ३१ प्रतिशतभन्दा बढी उम्मेदवार हुनु यसअघिका चुनावभन्दा उल्लेखनीय उपलब्धि हो। उसै पनि राष्ट्रिय जनगणना २०७८ का अनुसार ४० वर्षमुनिको जनसंख्या ७० प्रतिशत बढी छ। जेन–जी आन्दोलनपछि नयाँ पुस्तामा उम्मेदवार बन्ने र चुनावमा भाग लिने उत्साहले नयाँ नेपाल सम्भव छ भन्ने सन्देश गएको छ। नयाँ पार्टीका उम्मेदवार त नयाँ छन् नै पुराना पार्टीहरूमा समेत अहिले धेरै नयाँ उम्मेदवार खडा गरिएको छ। कांग्रेस होस् वा रास्वपा, एमाले होस् वा नेकपा, देशको भावी प्रधानमन्त्रीको अनुहार जनतासामु ल्याइएको छ। चुनावको माहौलले कतै अन्तरिमकाल लम्बिएर देशको संविधान र लोकतन्त्र धरापमा पर्ने त होइन भन्ने चिन्ता पनि कम भएको छ।

**बालेन र रास्वपाको उभारः**

यसपटक रास्वपाले १६४ क्षेत्रमा उम्मेदवारी दिएको छ भने प्रधानमन्त्रीको उम्मेदवारको रूपमा बालेनलाई घोषणा अनि नेपालको राजनीतिमा वर्षौंदेखि जरा गाडेर बसेका केपी शर्मा ओलीविरुद्ध चुनाव लड्ने बालेनको निर्णयले रास्वपाप्रति धेरै युवाको उत्साह थपिएको छ। जनकपुरको पहिलो आमसभा होस् वा झापामा उम्मेदवारी दर्ताको बेला होस्, बालेनले अहिले 'रक स्टार'कै 'ट्रिटमेन्ट' पाएका छन्। अब प्रश्न उठ्छ– देश बनाउने विकास र सम्मुन्नतिको खाका अनि सुशासन र भ्रष्टाचार नियन्त्रणका योजनाबारे खासै पत्रकारसँगको अन्तरक्रिया वा अन्य फोरममा आफ्नो विचार, दृष्टिकोण र योजनाबारे नखुलेका बालेनप्रतिको यत्रो 'क्रेज' किन ?

मधेशबाट चुनावमा होमिएका बालेनमार्फत रास्वपाको संघीयताप्रतिको नीतिमा सशंकित मधेशको जनमतलाई बालेन पनि मधेशकै हो भनेर आश्वस्त पार्दै रास्वपा संघीयताको विपक्षमा होइन, तर संघीयताको विकृतिका विपक्षमा हो भन्ने सन्देश दिन खोजिएको छ। संघीयताको बहस एकातिर छ, अहिले नेपालको बहुमत जनसंख्याले परिवर्तन खोजेको छ। त्यही पार्टी, त्यही नेता/मन्त्री वा प्रधानमन्त्री हुने अवस्थाले नेपाल पछि परेको र बेथिति मौलाएकाले राजनीतिमा अब चेहरा फेर्नुपर्छ भन्ने मत बलियो छ। वर्षौंदेखि भ्रष्टाचार संस्थागत गरेर राजनीतिलाई सत्ता कब्जा र शक्तिको हतियार बनाएका पुराभन्दा नयाँ चेहराहरू भ्रष्ट हुन सक्दैनन्, नयाँहरूले राम्रै नगरे पनि पुरानाभन्दा खराब काम गर्ने छैनन् भन्ने भाष्य समेत समाजमा बलियो छ।

सामाजिक सञ्जाल र अनलाइन मिडियाको दबदबा भएको अहिलेको युगमा चुनावमा आफ्नो वर्चस्व जमाउन 'हिवम बेष्ट मिडिया एटेन्सन्' अर्थात् हप्तौंभरि मिडियामा पार्टी वा पार्टीका मुख्य व्यक्तिप्रतिको ध्यानाकर्षण कायम गराउन सफल हुन जरुरी छ।केही हप्तादेखि रवि लामिछानेको रिहाइदेखि बालेन र कुलमान घिसिङसँगको एकता अनि कुलमानसँगको बिछोड, बालेनको ओलीसँग चुनाव लड्ने निर्णय अनि जनकपुरबाट म मधेशकै भएको सन्देश र त्यसपछिको झापा– ५ को बालेनको उम्मेदवारी आदि नेपालका हरेक मिडियाका हेडलाइन बने।

सकारात्मक माहौल फैलाउँदै गएको 'न्युज साइकल'लाई रास्वपा वा बालेनले कसरी व्यवस्थापन गर्छन् हेर्न बाँकी छ, तर चुनावअगाडि बालेन र रास्वापासामु दुई मुख्य चुनौती छन्। पहिलो– प्रधानमन्त्रीका उम्मेदवार भएकाले बालेन र उनका नीति अनि कार्यक्रमप्रति चुनावसम्म 'स्क्रुटिनी' (समीक्षा, आलोचना र समालोचना) बढ्दै जानेछ। भाषण वा अन्य भेटघाटमा गरिएका सानातिना गल्तीसमेत 'हेड्लाइन' बन्न सक्छन। दोस्रो– मधेशमा मधेशवादी दलहरू अहिले कमजोर देखिए पनि मधेश आन्दोलन अनि पहिचानको मुद्दा अहिले पनि बलियो छ। मधेशका मुद्दामा बालेनको वास्तविकता के हो भनेर खोजी पनि हुँदै जानेछ। काठमाडौंमा मधेशीका व्यपार र धन्दामाथिको नगरप्रहरीको धरपकडले प्रधानमन्त्रीका उम्मेदवार बालेनको सामाजिक न्याय अनि विकासवादीको छविमा के असर पर्ने हो हेर्न बाँकी छ।

**गगनको नेतृत्वमा कांग्रेसको पुस्तान्तरण :**

कांग्रेसले अन्तरिमकालकै लागि भए पनि नयाँ सभापति पाएको छ भने यसले पुस्तारणको सन्देश पनि दिएको छ। गगन थापालाई भावी प्रधानमन्त्री घोषणा गरेको कांग्रेसमा दुईतिहाइ नयाँ उम्मेदवार छन्। कांग्रेस देशको सबैभन्दा पुरानो पार्टी भएकाले पनि होला यो पार्टीमा 'जेरिन्टोक्रेसी' (बुद्धयौलीको नेतृत्व) हावी थियो भने कांग्रेसको विशेष अधिवेशनले नेतृत्वमा रहेको वर्षौंदेखिको जामलाई खुलाएको छ। नीतिगत र वैचारिक प्रतिस्पर्धाका कुरा गर्दा कांग्रेस र रास्वपा दुवै 'सेन्टर राइट' (लोकतन्त्र र खुला बजारमुखी अर्थतन्त्रमा विश्वास गर्ने) पार्टी हुन् भने इतिहास र दस्तावेजका आधारमा एमाले र नेकपालगायतका पार्टीले आफूलाई वामपन्थी वा कम्युनिस्ट भनेर पहिचान बनाएका छन्।

परम्परागतले प्रजातन्त्रवादी भनिनेका भोट कांग्रेस र रास्वपा अनि कम्युनिस्टका भोट एमाले, नेकपा र अरु कम्युनिस्ट घटकबीच बाँडिने देखिन्छ। गगनको नेतृत्वको कांग्रेसले जेन–जी आन्दोलनपछि आफूलाई समय सान्दर्भिक बनाएर नेपाली राजनीतिमा आफ्नो अस्तित्व त जोगायो। तर, कांग्रेसको पुस्तान्तरण वा पुनर्जागरण अलि ढिला वा बेला घर्केपछि आएको भन्नेहरू पनि छन्। कांग्रेस पार्टीभित्रै विशेष महाधिवेशनका पक्ष र विपक्षबीच चुनावमा एकता कस्तो हुने भन्ने प्रश्न त छँदै छ, प्रधानमन्त्रीका उम्मेदवारका हैसियतले गगनले आफूलाई कसरी प्रस्तुत गर्ने हुन हेर्न बाँकी छ।

मुख्य कुरा के भने जति राम्रो नीति तथा कार्यक्रम लिएर गए पनि कांग्रेस र एमालेलाई जनताले 'पहिले पनि संविधान सुधार, सुशासन र भ्रष्टाचार निवारण भनेकै हौं, केही गरेनौं बरु उल्टो गऱ्यौ' भन्ने कुरा साहस जनतामा भएका कारण यी पार्टीकाप्रति विश्वास र भरोसाको संकट छ, जुन चुनौती बालेनहरूलाई छैन। अर्कोतिर मधेशमा गगन जन्मे छन् वा बालेन भन्ने चर्चा छ। बालेन र गगन दुवैले आगामी चुनावमा मधेशको भोटलाई निर्णायक देखेका छन्। विगतको एक गणतन्त्रवादीको छवि र एजेन्डाले गगनप्रति मधेशको सहानुभूति हुने देखिन्छ, तर बालेन मधेशमै जन्मेका र नेपालले पहिलो मधेशी प्रधानमन्त्री पाउने सम्भावनाले नवयुवाको भोट बालेनतिर तानिन सक्ने अवस्था पनि छ। उसै पनि मधेशको एक तप्काले वैदेशिक रोजगारका सवालमा रविको पत्रकारिताको बेलाको कामलाई सरहाना गरेको पाइन्छ।

**चुनावपछिको स्थायित्व र सुधार :**

अहिले एकथरि विश्लेषकहरू 'पपुलिज्म' (लोकरिझ्याइँ)मा आधारित नेपालको राजनीति कति टिकाउ होला ? यसले वर्षौंदेखि थुप्रिएका विसङ्गतिलाई सम्बोधन गर्न नागरिकको अपेक्षाअनुसारको परिमाण (डेलिभरी) दिन सक्ला ? भन्ने बहस चलिरहेको छ। विश्वभरिको 'पपुलिज्म'को उभार हेर्दा न्युजिल्यान्ड र अस्ट्रेलियाका लेबर पार्टीदेखि स्विडेनको सोसियलिस्ट पार्टीसम्म, भारतकै भारतीय जनता पार्टीदेखि फ्रान्सको एन मार्च कुनै न कुनै रूपले लोकरिझ्याइँकै उभारमा सत्तामा आएर आफूले चुनावमा वाचा गरेका सुधारहरू लागु गर्न सफल भएका उदाहरण छन्। तर, यसका लागि कि त चुनावमा बहुमत ल्याउन आवश्यक छ, कि त नयाँ संसदमा सुधार लागु गर्न एक खालको राष्ट्रिय सहमति बानाउन सक्नुपर्छ।

चुनावको सम्भावित परिणाम हेर्दा एउटै पार्टीले संसदको बहुमत ल्याएर सरकार चलाउने वा संसदमा सुधारवादीले सजिलै दुईतिहाइ बहुमत पुऱ्याएर संविधानमा परिवर्तन गर्ने अवस्था देखिँदैन। यदि रास्वपा र अरु वैकल्पिक शक्तिहरूको बहुमत नपुग्ने हो भने फेरि प्रचण्डको पार्टीको 'म्याजिक नम्बर' अर्थात् प्रचण्डको पार्टी मिलाएर मात्र बहुमत पुग्ने स्थिति आए अस्थिरता र सत्ताको खेलका

–बाँकी तीन पेजमा

### गगन–बालेन...

पुरानै विकृतिहरू दोहोरिन सक्छन्।

नेपालमा नयाँ वा पुराना पार्टीमा एउटा सुझबुझ आउन जरुरी छ। जनताले जुन पार्टीलाई धेरै भोट दिएर जिताए, त्यसै पार्टीले अरुसँग मिलेर वा अल्पमतको भए पनि सरकार चलाउने मान्यता। लोकतन्त्र सबल भएका नर्वे, स्विडेन, डेनमार्क वा फिन्ल्यान्डजस्ता देशमा तेस्रो वा चौथो ठूलो पार्टीले सरकारमा दाबी गर्दैनन्। यसो गर्दा चुनावमार्फत जनताले दिएको मतको अपमान हुन्छ। पहिलो हुने पार्टीले सरकार चलाउँछ, बहुमत वा अल्पमतको। दोस्रो हुने प्रतिपक्षमा बस्छ।

दोस्रो विश्वयुद्धपछि यी देशमा एकाध चुनावमार्फत मात्र बहुमतका सरकार बनेका छन् भने अक्सर अल्पमतले नै सरकार चलाएका छन्। समानुपातिक प्रणाली भएकाले बहुमतको सरकार पाउन गाह्रो छ। तर, पार्टीहरूले जनमतको कदर गर्छन् भने १०–२० सिट ल्याउनेले प्रधानमन्त्री पदमा दाबी गर्दैनन्। उम्मेदवारी दर्तापछि प्रधानमन्त्री बन्ने र संसदमा जाने अनुहारहरू जनतासामु आएका छन्। अबका केही दिनमा यी उम्मेदवार र पार्टीहरूका चुनावी घोषणापत्र बाहिर आउने छन्। यो चुनावमा पार्टीका चुनावी मेनोफेस्टो र यिनका वाचाबारे गहिरो बहस हुन जरुरी छ, ताकि यसअघिका चुनावजस्तै सपना मात्र बाँड्ने वा घोषणाका लागि घोषणापत्र बनाउने काम नहोस् र भोलिका दिनमा यी पार्टीका नेतालाई यिनै घोषणापत्रका आधारमा जवाफदेही बनाउन सकियोस्।

अझ सकिन्छ भने बालेन, गगन, ओली र प्रचण्डलगायतका सम्भावित प्रधानमन्त्रीका उम्मेदवारलाई सँगै राखेर नयाँ नेपालबारे दृष्टि र योजनाबारे खुला बहसको आयोजना गरियोस्। अरु न आए पनि बालेन र गगनलाई एकैठाउँमा राखेर बहस गराउँदा नयाँ नेपाल र नेपालको भविष्यबारे जनतामा सकारात्मक सन्देश जाने थियो। यो नेपालको भावी नेतृत्वलाई जवाफदेहि बनाउने उपाय पनि हो। शिलापत्रबाट

### मधेशमा दल...

२ बाट प्रतिस्पर्धामा हुनुहुन्छ। नेकपा नेता नारायणकाजी श्रेष्ठ सर्लाही–३ मा उम्मेदवार बन्नुभएको छ। सर्लाहीको सबैभन्दा चर्चित क्षेत्र नम्बर ४ हो। यहाँबाट नेपाली कांग्रेसले प्रधानमन्त्री प्रस्ताव गरेका पार्टी सभापति गगन थापा उम्मेदवार हुनुहुन्छ भने रास्वपाबाट पूर्वकांग्रेसी अमरेश सिंह उठ्नुभएको छ। रौतहट–१ मा नेकपाबाट पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, ३ मा आम जनता पार्टीका अध्यक्ष प्रभु साह, ४ मा आजपाबाट सञ्चारकर्मी ऋषि धमला उम्मेदवार बन्दा चर्चामा छ। कांग्रेसबाट यहाँ दुई पटक निर्वाचित देवप्रसाद तिमिल्सिना उम्मेदवार हुनुहुन्छ।

बारा ३ बाट कांग्रेस सहमहामन्त्री फरमुल्लाह मन्सुर उम्मेदवार बन्दा जसपाबाट पर्सा १ मा चुनाव जित्दै आएका प्रदीप यादव चुनावको मुखैमा पार्टी फेरेर एमालेबाट उम्मेदवार बन्नुभएको छ। पर्सा–२ मा कांग्रेसले पूर्वमन्त्री अजय चौरसिया नै दोहोऱ्याएको छ। यसरी राजनीतिमा स्थापित, चर्चित र नयाँ उम्मेदवारहरूको उपस्थितिले मधेशको चुनावलाई रोमाञ्चक बनाइदिएको छ। मधेशमा मनोनयनपछि निर्वाचनलाई लक्षित गर्दै चुनावी चहलपहल तीव्र बनेको छ। नयाँ र पुराना दुवै दलहरूले घरदैलो, सभा–सम्मेलन र रणनीतिक भेटघाटलाई गति दिएका छन्। सडकदेखि सामाजिक सञ्जालसम्म चुनावी बहस बढिरहेको छ। मुलुकका अन्य भेग झैं मधेशमा पनि नया पुराना दल बहसको केन्द्रमा छन्।

भ्रष्टाचार, कुशासन, गुटबन्दी र जनअपेक्षा पूरा गर्न नसकेकोजस्ता आरोप पुराना दलहरूमाथि छ। यही असन्तुष्टिलाई आधार बनाएर नयाँ राजनीतिक शक्ति उदाउने प्रयासमा छन्। तर, नयाँ दलहरूले केवल 'परिवर्तन' को नारा दिएर मात्र मतदाताको विश्वास जित्नसक्ने अवस्था छैन। मधेशमा राज्यप्रति अविश्वास र विगतका अधुरा वाचाले मतदातालाई सजग र सचेत बनाएको छ। अर्को, सामाजिक सञ्जालमा चर्चाभन्दा पनि संगठन, उम्मेदवारको सार्वजनिक छवि, व्यक्तिगत लगाव र यहाँका मुद्दाका आधारमा यहाँ मत खस्ने गर्छ।यसैगरी, मधेशका मतदाता गणतन्त्र र संघीयताप्रतिको राजनीतिक चेतनाका कारण पनि संवेदनशील रहने गर्छन्।

संघीयता, स्वसाशन, समावेशिता, पहिचान र अधिकारका मुद्दामा स्पष्ट धारणा राख्ने तथा यसका लागि संघर्ष गर्ने दलहरूलाई मत दिने चलन रहँदै आएको छ। त्यसकारण पनि वैचारिकरूपले अस्पष्ट नयाँ दललाई मधेशमा भोट पाउन सजिलो नहुने यहाँका बासिन्दा बताउँछन्। तर, सामाजिक सञ्जालमा चर्चा भए जसरी नै नयाँ दल उदाउँछन् वा पुरानै दलको बर्चस्व कायम रहन्छ भन्ने कुरा भने चुनावी परिणामले बताउनेछ।

### सिरहा ट्राफिक...

जनाएको छ। त्यसले प्रहरी कर्मचारीहरुमा समेत सकारात्मक प्रभाव पर्न गई कार्य सम्पादनमा अझ बढी प्रभावकारिता आउने ठहरसहित प्रहरी नियमावली २०७१ (संशोधन सहित) को परिच्छेद १५ को नियम १९७ को उपनियम ( ख) बमोजिम प्रोत्साहन स्वरूप एक हजार तीन सय रुपैयाँ नगदसहित पुस महिनाको उत्कृष्ट प्रहरीको रुपमा सम्मानित गरिएको हो।

### सिरहामा दलीय ...

गराएको अनुमान गरिएको छ। स्वतन्त्र उम्मेदवारहरूलाई शुक्रबार चुनाव चिन्ह प्रदान गरिएको सहायक निर्वाचन अधिकृत भेषराज भट्टराईले जानकारी दिए।

# उम्मेदवारी फिर्ता लिनेमा पूर्वप्रधानमन्त्रीदेखि पिआरधारीसम्म

**सूर्यप्रसाद पाण्डे**



काठमाडौं, १० माघ। फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि उम्मेदवारी दर्ता गराएकामध्ये ८१ जनाले फिर्ता लिएका छन्। निर्वाचन आयोगका अनुसार निर्वाचनका लागि मुलुकभरबाट तीन हजार ४८७ जनाले उम्मेदवारी दर्ता गराएका थिए। उम्मेदवारी फिर्ता लिनेमा पूर्वप्रधानमन्त्रीदेखि विदेशमा स्थायी आवास अनुमति (पिआर) लिएका व्यक्तिसमेत छन्।

फिर्ता लिनेमध्ये केहीले उम्मेदवारी दिँदा कानुनी ज्ञान नभएको र पछि ज्ञान प्राप्त गरेपछि फिर्ता लिएको बताएका छन्। कतिपयले भने निर्वाचनमा प्रतिस्पर्धा गर्न हाल इच्छा नभएकाले उम्मेदवारी फिर्ता लिएको बताएका छन्। पूर्वप्रधानमन्त्री समेत रहनुभएका प्रगतिशील लोकतान्त्रिक पार्टी ( प्रलोपा) का संरक्षक डा. बाबुराम भट्टराई यस्तै पात्रमध्येमा पर्नुहुन्छ। एउटा दलको मात्रै सांसद बनेर बस्दा भूमिका संकुचित हुने भएकाले उम्मेदवारी फिर्ता लिएको भट्टराईले बताउनुभयो। उहाँले गोरखा क्षेत्र नं. २ मा उम्मेदवारी दिनुभएको थियो।

उम्मेदवारी फिर्ताका लागि आयोगले शुक्रबार दिउँसो १ बजेसम्मको समय तोकेको थियो। त्यस्तै रुपन्देही निर्वाचन क्षेत्र नं. २ बाट प्रतिनिधि सभा सदस्यको उम्मेदवार बन्नुभएका कार्भिका थापाले पनि उम्मेदवारी फिर्ता लिनुभएको छ। उहाँ अमेरिकाको स्थायी आवास अनुमतिप्राप्त व्यक्ति हुनुहुन्छ। पञ्चायतकालीन गृहमन्त्री निरञ्जन थापाकी छोरी कार्भिकाले अध्ययन क्रममा १४ वर्ष अमेरिकामा बिताउनुभएको थियो। पछिल्लो आठ वर्षदेखि भने आफू नेपालमै रहेको उहाँले बताउनुभयो। तर नेपाल बसे पनि उहाँले अमेरिकाको स्थायी आवास अनुमति भने हालसम्म त्याग्नुभएको छैन।

नेपालको संविधानको धारा २९१ ले त्यस्तो अनुमतिपत्र त्याग गरेको कम्तीमा तीन महिना पुगेपछि मात्रै निर्वाचनमा उम्मेदवारी दिन पाइने व्यवस्था गरेको छ। आफूले अध्ययनको सिलसिलामा स्थायी आवास अनुमति लिएको उहाँ स्वयम्ले स्विकार्नुभएको छ। नेपालबाहेक अन्य कुनै पनि मुलुकको नागरिकता वा राहदानी भने नलिएको उहाँले दाबी गर्नुभएको छ।

उम्मेदवारी दर्ता गरेपछि मात्रै स्थायी आवास अनुमतिपत्र त्यागे पनि हुन्छ भन्ने बुझाइमा आफू रहेको तर संवैधानिक व्यवस्था अर्कै रहेको जानकारी पाएपछि उम्मेदवारी फिर्ता लिने निर्णय गरेको उहाँले सार्वजनिक गरेको विज्ञप्तिमा उल्लेख छ।

उम्मेदवारी फिर्ता गरेकामध्ये अधिकांशले निर्वाचन कार्यालयमा बुझाएको पत्रमा भने हाललाई उम्मेदवार हुन इच्छा नभएको उल्लेख गरेका छन्। कतिपयले भने व्यक्तिगत कारणले फिर्ता लिएको बताएको निर्वाचन आयोगका प्रवक्ता नारायण भट्टराईले जानकारी दिनुभयो। उम्मेदवारी फिर्ता लिनेमा अधिकांश पुरुष छन्।

# मधेश प्रदेशमा कुष्टरोगको जोखिम उच्च



जनकपुर, १० माघ। मधेश प्रदेशमा कुष्टरोगको सबैभन्दा बढि जोखिमम रहेको तथ्यांक सार्वजनिक गरिएको छ। ७३ औं कुष्टरोग दिवसको अवसरमा जनकपुरधाममा शनिबार स्वास्थ्य निर्देशनालय मधेश प्रदेशद्वारा आयोजित अन्तरक्रिया कार्यक्रममा प्रस्तुत गरिएको तथ्यांकअनुसार कुष्टरोगीको संख्यामा मधेश प्रदेश पहिलो स्थानमा रहेको छ।

उक्त तथ्यांक अनुसार कुल कुष्टरोगीको संख्यामध्ये झण्डै एकतिहाइ रोगीको संख्या मधेश प्रदेशमै रहेको छ। देशभर हाल २ हजार ४०९ जना कुष्टरोगी रहेकामा मधेश प्रदेशमा मात्र ८५७ जना रहेको जनाइएको छ। स्वास्थ्य निर्देशनालय मधेश प्रदेशका कुष्टरोग अधिकृत राजवीर यादवले मधेश प्रदेशमा कुष्टरोगीको संख्या अत्यधिक भए पनि उपचार तथा नियन्त्रणका लागि प्रदेश सरकार र स्थानीय सरकारबाट पर्याप्त लगानी नभएको बताए। उनले प्रदेश सरकारले कुष्टरोग नियन्त्रण गर्न शून्य बजेट छुट्याएको जानकारी दिए।

यस आर्थिक वर्षमा मधेश प्रदेशमा ५८ जनामा मात्र नयाँ कुष्टरोग पुष्टि भएको छ। १४ वर्ष मुनिका कुष्टरोगी देशभर ९१ जना रहेकामा मधेश प्रदेशमा ४० जना छन्। यस्तै, देशभरका १ हजार १२ महिला कुष्टरोगीमध्ये ३७८ जना मधेश प्रदेशका रहेको तथ्यांकमा उल्लेख छ। एक लाख जनसंख्यामा पत्ता लाग्ने नयाँ कुष्टरोगीको दर देशभर ८.१६ रहेकामा मधेश प्रदेशमा १३.६७ रहेको छ। त्यस्तै, प्रति १० हजार जनसंख्यामा वर्षको अन्त्यसम्म उपचारमा रहेका बिरामीको प्रकोप दर देशभर ०.८८ हुँदा मधेशमा १.२८ पुगेको छ।

कार्यक्रममा जनस्वास्थ्य कार्यालयका प्रमुख उमेश साहले मधेश प्रदेशका १३६ पालिकामध्ये हालसम्म ४५ पालिका मात्र कुष्टरोगमुक्त घोषित भएको जानकारी दिए। पर्सा, सिरहा र जनकपुरधाम क्षेत्र अति उच्च कुष्टरोग जोखिम क्षेत्रका रूपमा रहेको उनले बताए। ई.स. २०१९ देखि हालसम्म २७ प्रतिशत कुष्टरोगी निको भए पनि कुष्टरोगका कारण हुने अपाङ्गता दर अझै उच्च रहेको प्रमुख साहले बताए। ७३ औं कुष्टरोग दिवसको अवसरमा महोत्तरी, सिरहा, धनुषा र सर्लाहीसहित ६ स्थानमा स्वास्थ्य शिविर आयोजना गरिएको उनले जानकारी दिए।

साहका अनुसार प्रदेश सरकार र स्थानीय सरकारले कुष्टरोग नियन्त्रणका लागि बजेट छुट्याउन आवश्यक रहेको छ। साथै सामाजिक स्तरमा पनि कुष्टरोगीहरुलाई हेप्ने र घृणाको भावनाले हेर्ने प्रवृतिलाई सुधार गर्न आवश्यक रहेको जनस्वास्थ्य प्रमुख साहको भनाई छ।


# छिन्नमस्ताका अध्यक्षलाई श्रीलंकामा इन्टरनेशनल एचिभमेन्ट अवार्ड

सप्तरी, १० माघ। सप्तरीको छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीलाई इन्टरनेशनल एचिभमेन्ट अवार्ड प्रदान गरिएको छ। जिल्लाकै पछाडि परेको पालिकामध्ये एक छिन्नमस्तामा चौतर्फी विकास र सुशासनका लागि गरेको कामको मूल्यांकन गर्दै अवार्ड प्रदान गरिएको अध्यक्ष चौधरीले जानकारी दिए।




उनलाई उक्त अवार्ड श्रीलंकामा शुक्रबार प्रदान गरिएको हो। मुलुककै कान्छा पालिकाध्यक्षका रूपमा निर्वाचित भएपछि अध्यक्ष चौधरीले योजनाबद्ध विकास, पारदर्शिता र समावेशी सोचमार्फत गाउँपालिकामा आमूल परिवर्तन ल्याएको भन्दै अन्तर्राष्ट्रिय स्तरमै सम्मान गरिएको आयोजकको भनाइ छ।

# खोल्सीमा महिलाको जलेको अवस्थामा शव फेला



**मणिलाल विश्वकर्मा**

लहान, १० माघ। सिरहाको मिर्चैया नगरपालिका ७ तितरीगाछी नजिकै रहेको खोल्सीमा शुक्रबार दिउँसो महिलाको जलेको अवस्थामा शव फेला परेको छ। बस्तुभाउ चराउन गएका स्थानीयले खोल्सीमा शव देखेपछि तत्काल दिउँसो करिब १ बजेतिर प्रहरीलाई खबर गरेका थिए। स्थानीय बासिन्दाले खवर गरेलगत्तै इलाका प्रहरी कार्यालय मिर्चैयाबाट खटिएको प्रहरी टोलीले घटनास्थल पुगेर शव बरामद तथा घटनास्थल प्रकृति मुचुल्कासहित आवश्यक कानुनी प्रकृया पूरा गरेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

मिर्चैयाका प्रहरी निरीक्षक जिवकान्त चौधरीको कमाण्डमा खटिएको टोलीले आवश्यक कानुनी प्रकृया पूरा गरी शव सुरक्षित रूपमा नियन्त्रणमा लिएर शुक्रबार साँझ करिब साढे ६ बजेतिर पोष्टमार्टमका लागि धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको प्रहरीले जनाएको छ। प्रहरीको प्रारम्भिक अनुसन्धान अनुसार महिलाको हत्या गरी शव जलाएर खोलामा फ्याँकिएको आशंका गरिएको छ। हालसम्म मृतकको पहिचान खुल्न नसकेको र घटनाको कारण तथा दोषी पत्ता लगाउन थप अनुसन्धान भइरहेको सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए। प्रहरीले स्थानीयसँग समेत सोधपुछ गरिरहेको र घटनाबारे कुनै जानकारी भए नजिकको प्रहरी कार्यालयमा सम्पर्क गर्न आग्रह गरेका छन्।

# बैंकिङ कसूरमा एक करोड जरिवाना

धनुषा, १० माघ। बैंकिङ कसूर मुद्दामा प्रतिवादी बनाइएका धनुषा बटेश्वर वडा नं. ५ का श्याम सुन्दर महतोलाई जिल्ला अदालत धनुषाले दोषी ठहर गर्दै एक करोड रुपैयाँ बिगो भराई, सोही बराबर जरिवाना तथा १० दिन कैद सजाय सुनाएको छ। जिल्ला न्यायाधीश मनोजकुमार श्रीवास्तवको इजलासले उक्त फैसला गरेको हो। प्राप्त जानकारी अनुसार जनकपुरधाम उपमहानगरपालिका १९ का संजय शर्माले बैंक ऋण फर्छ्योट गर्ने प्रयोजनका लागि प्रतिवादी श्याम सुन्दर महतोलाई नगद एक करोड रुपैयाँ उपलब्ध गराएका थिए।

प्रतिवादीले ऋण चुक्ता गरी पुनः बैंकबाट कर्जा लिई रकम फिर्ता गर्ने आश्वासन दिई लामो समयदेखि आलटाल गर्दै आएका थिए। पछि प्रतिवादीले प्राइम कमर्सियल बैंक लिमिटेड, जनकपुर शाखामा रहेको एशिया सेल्स ट्रेडिङ्ग प्रा.लि. को खाताबाट भुक्तानी हुने गरी २०७९ फागुन १५ गते एक करोड रुपैयाँको चेक जाहेरवालालाई दिएका थिए। तर उक्त चेक सिद्धार्थ बैंक लिमिटेड, जनकपुर शाखामा पेश गर्दा खातामा पर्याप्त मौज्दात नरहेको कारण बाउन्स भएको थियो।

मुद्दाको सुनुवाइका क्रममा बैंकको आधिकारिक पत्र, चेक इन्फोर्मेशन रिपोर्ट, जाहेरवालाको बकपत्र तथा साक्षीहरूको बयानबाट प्रतिवादीले खातामा रकम नभएको कुरा थाहा हुँदाहुँदै जानी–जानी चेक जारी गरेको प्रमाणित भएको अदालतले ठहर गरेको छ।

साथै प्रतिवादी मुद्दाको कारबाहीका क्रममा फरार रहेको तथ्य पनि अदालतले उल्लेख गरेकोमा विहिबार काठमान्डौंमा पक्राउ गरी जनकपुर ल्याएको हो। यो फैसला गत बर्षकै रहेकोमा एक बर्षपछि पक्राउ परेको बुझिएको छ। अदालतले बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिम प्रतिवादीले कसूर गरेको ठहर गर्दै दफा १५(१) अनुसार चेकमा उल्लेखित एक करोड रुपैयाँ जाहेरवालालाई भराई दिलाउन आदेश दिएको छ यसैगरी प्रतिवादीलाई बिगो बराबर एक करोड रुपैयाँ जरिवाना र १० दिन कैद सजाय तोकिएको हो।

# मधेसमा राष्ट्रिय सभा निर्वाचनको तयारी पूरा

जनकपुर, १० माघ। मधेस प्रदेशमा राष्ट्रिय सभा सदस्य निर्वाचनको तयारी पूरा भएको छ राष्ट्रिय सभाका लागि मधेसमा रिक्त रहेको चार स्थानका लागि आइतबार निर्वाचन हुँदै छ। मतदान अधिकृतको कार्यालयका अनुसार बिहान ९ देखि ३ बजेसम्मका लागि मतदान गर्ने समय निर्धारण गरिएको छ महेन्द्रनारायण निधि मिथिला संस्कृति केन्द्रमा मतदान केन्द्र रहेको प्रदेश सभा सदस्य र स्थानीय तहको प्रमुख र उपप्रमुखको छुट्टा–छुट्टै मतदान केन्द्रको व्यवस्था मिलाइएको छ।

निर्वाचन अधिकृतको कार्यालका अनुसार मतदानका लागि सुरक्षा व्यवस्था पनि चुस्त पारिएको छ। निर्वाचन अधिकृत सुभाषबाबु पुरीका अनुसार अन्य महिला दलित र अल्पसंख्यक/अपांगता भएका समूहतर्फ गरी चार सिटमा निर्वाचन हुन लागेकामा ११ जनाले उम्मेदवारी दर्ता गराएका छन्। जसपा नेपालले आफ्ना तीन उम्मेदवारको उम्मेदवारी निष्क्रिय बनाए पनि मतपत्रमा उनीहरूको नाम भने रहनेछ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले चारवटै समूहमा उम्मेदवारी दिएको छ जसपा नेपालले ३ नेपाली कांग्रेसले २ नेकपा एमाले र लोकतान्त्रिक समाजवादी पार्टी नेपालले १/१ सिटमा उम्मेदवारी दिएका छन्। लोसपा र जसपा मिलेपछि उम्मेदवारी दर्ता गराएका तीनजनाको नाम भने निष्क्रिय पारिएको छ। महिला समूहमा जसपा नेपालकी चन्द्रकलादेवी साह नेकपा एमालेकी रेखाकुमारी झा र नेकपाकी शमीकुमारी अग्रवाल उम्मेदवार छन्। दलितमा जसपा नेपालकी चमेलीदेवी दास कांग्रेसका धर्मेन्द्र पासवान र नेकपाका शम्भु पासवान हजारी उम्मेदवार छन्। यस्तै अपांगता भएका व्यक्ति वा अल्पसंख्यक समुदाय समूहमा नेकपाका रामनन्दन प्रसाद कांग्रेसका रन्जित कर्ण र जसपा नेपालका शैलेशकुमार चौधरी उम्मेदवार छन्।

अन्य समूहमा लोसपाका महन्थ ठाकुर र नेकपाका लक्ष्मण पौडेलले उम्मेदवारी दिएका छन्। मधेस प्रदेशमा १०० प्रदेशसभा सदस्य र २६४ स्थानीय तहका गरी ३६४ मतदाता छन्। मधेस प्रदेशमा १३ सिट रहेको जनमत पार्टीले उम्मेदवार दिएको छैन। ऊ अहिलेसम्म कुनै पनि गठबन्धनमा सहभागी छैन। तर जनमतले कसलाई मतदान गर्छ त्यो खुलेको छैन।

# गगन थापाको निर्वाचन क्षेत्र संवेदनशील सूचीमा

सर्लाहीका कुल ३ सय १२ मतदानस्थलमध्ये १ सय ५८ वटा अति संवेदनशील र १ सय ३१ संवेदनशीलको सूचीमा छन्।

**ओमप्रकाश ठाकुर**

सर्लाही, १० माघ। आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि सर्लाहीमा तोकिएका मतदानस्थलमध्ये ९२ प्रतिशतभन्दा बढी संवेदनशील सूचीमा छन्। जसमध्ये कांग्रेस सभापति गगनकुमार थापा उम्मेदवार बनेको सर्लाहीको क्षेत्र नं ४ पनि संवेदनशील सूचीमा छ। २०७९ को प्रतिनिधिसभा निर्वाचनमा बहुपक्षीय प्रतिस्पर्धा र विद्रोही उम्मेदवारका कारण चर्चामा रहेको यो क्षेत्र यसपटक थापाको आगमनसँगै बहस र चर्चाको केन्द्रमा पनि छ। २०७९ मा सर्लाही–४ मा स्वतन्त्र उम्मेदवार अमरेशकुमार सिंहले जितेका थिए। कांग्रेसबाट टिकट नपाएपछि उनी स्वतन्त्र उठेका थिए। यसपटक उनी राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार बनेका छन्।



जिल्लामा कुल ३ सय १२ मतदानस्थलमध्ये १ सय ५८ वटा अति संवेदनशील तथा १ सय ३१ मतदानस्थललाई संवेदनशीलको सूचीमा राखिएको हो। २३ मतदानस्थल मात्र सामान्य सूचीमा जिल्ला सुरक्षा समितिले राखेको छ। क्षेत्र नम्बर ४ को ८१ मतदानस्थल अति संवेदनशील तथा संवेदनशीलको सूचीमा छन्। जिल्ला सुरक्षा समितिले भौगोलिक विकटता, नेपाल–भारत सीमा नजिक मतदान स्थल, विगतका निर्वाचनमा दलबीच भएका झडप तथा अपराधिक क्रियाकलापका आधारमा वर्गीकरण गरेको हो। अति संवेदनशील र संवेदनशील मतदानस्थललाई सोहीअनुरुप सुरक्षा घेरामा राखेर भयरहित वातावरणमा निर्वाचन गराउने योजना रहेको सुरक्षा समितिका प्रमुख तथा प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले जानकारी दिए।

यसअघिको निर्वाचनमा जिल्लामा ३ सय १८ मतदानस्थलमा ५ सय ९९ मतदान केन्द्र राखिएको थियो। यसपटकको निर्वाचनमा भने ३ सय १२ वटा मतदानस्थलमा ६ सय २८ मतदान केन्द्र तोकिएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

# एमालेका मधेश प्रदेश अध्यक्ष मण्डलसहित तीन जना समानुपातिक उम्मेदवारविरुद्ध आयोगमा उजुरी

सिरहा, १० माघ। निर्वाचन आयोगमा एमालेका मधेश प्रदेश अध्यक्ष चन्देश्वर मण्डलसहित तीन जना समानुपातिक उम्मेदवारविरुद्ध उजुरी परेको छ। आयोगले नेकपा एमालेको समानुपातिक सूचीमा रहेका सिरहाका चन्देश्वर भण्डलविरुद्ध उजुरी परेको छ। मण्डल आदिवासीतर्फको व्यक्ति भएकोले मधेशी क्लस्टरमा राख्न नमिल्ने भनेर उजुरी परेको हो। नेपाली कम्युनिस्ट पार्टीको समानुपातिक सूचीमा रहेका जीवन लामाविरुद्ध पनि उजुरी परेको छ उनलाई अपांगता भएको व्यक्ति अन्तर्गत राखिएको तर, उनी अपांगता भएको व्यक्ति नभएको दाबी उजुरीमा छ।

यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबट समानुपातिक उम्मेदवार कुमार बहादुर थापाविरुद्ध उजुरी परेको छ। उत्तरपानी चिया बगानको जग्गा अनधिकृत रुपमा बेचखिन गरेको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेर बिचाराधीन रहेको भनेर उजुरी परेको हो। प्राप्त उजुरीउपर निर्वाचन आयोग अध्ययनमा छ।

राजनीतिक दलहरूले गत पुस १३ र १४ गते समानुपातिक सूची बुझाएका थिए। त्यसमा नाम फिर्ता लगायतको कार्य सकेर अन्तिम नामावली प्रकाशित भएको छ। प्रकाशित नाम उपर आएका उजुरी एकीकृत गरेर आयोगले अध्ययन सुरु गरेको हो। यही माघ २० गते समानुपातिक तर्फका उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने निर्वाचन कार्यतालिका छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)